**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०९ अगस्त २०२३

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले शनिबार पहिरो प्रभावित वायनाडको भ्रमण गर्नुहुनेछ।

२. पश्चिम बंगालका पूर्व मुख्यमन्त्री बुद्धदेव भट्टाचार्यको निधन, प्रधानमन्त्री राज्यपाल मुख्यमन्त्री लगायत बिभिन्न नेताहरुले गर्नुभयो दुःख व्यक्त

३. वक्फ संशोधन विधेयकए २०२४ लाई संयुक्त संसदीय समितिमा पठाइएको छ ।

४. राष्ट्रिय राजमार्ग १० अन्तर्गत बिरिक डाँड़ा, २१ माइल नजिक भुइचालेमा पैह्रोले बाटो पूर्णरूपमा ध्वस्त बनाएपछि आवतजावत बन्द भएको छ।

५. गोर्खा दुःख निवारक सम्मेलनले पाँचौ नाटक प्रतियोगिता आगामी सेप्टेम्बर महिनामा गर्ने भएको छ ।

प्रधानमंत्री -केरल-वायनाड

प्रधानमन्त्री नरेन्द्र मोदीले शनिबार पहिरो प्रभावित वायनाडको भ्रमण गर्नुहुनेछ। यसैलाई मध्यनजर राख्दै कन्नूर र वायनाडमा यात्राको तयारी भइरहेको छ । भ्रमणअघि कन्नूर र वायनाडमा सुरक्षा बैठक बसेको थियो । प्रधानमन्त्री मोदी शनिबार बिहान ११ बजे नयाँ दिल्लीबाट कन्नूर विमानस्थलमा अवतरण गर्नुहुनेछ । त्यहाँबाट उहा हेलिकप्टरबाट सोझै वायनाडको कलपट्टा जानुहुनेछ भने पहिरो प्रभावित क्षेत्रको हवाई सर्वेक्षण गर्ने तथा उक्त दिननै प्रधानमन्त्रीको साँझ दिल्ली फर्कने कार्यक्रम छ ।यसैबीच केरला र कर्नाटकका युनिटबाट ल्याइएका करिब ५०० सैन्य कर्मचारीहरु वायनाडबाट फर्किनेछन् । नवनिर्मित बेलिब्रिजलाई मजबुत बनाउन एउटा सानो टोली र हेलिकप्टर खोजी टोली अझै केही दिन वायनाडमा रहनेछ ।

****** ० ******

**डिमाईश मेसेज**

राज्यका पूर्व मुख्यमंत्री बुद्धदेव भट्टचार्यको निधनमा राज्यमा शोकको लहर छाएको छ। मुख्यमंत्री ममता व्यानर्ज्री र राज्यपाल ड़ा. सी.भ्ज्ञी आनन्द बोसले गहिरो संवेदना व्यक्त गरेका छन्। मुख्यमंत्रीले एक्स हयाण्डलमा पूार्व मुख्यमंत्री भट्टाचार्यको अचानक निधनले स्तब्ध र दुखी छु। यस दुखद घड़ीमा मेरो साँचो संवेदना मीरा सदिन (पत्नी) र सुचेतन (छोरा) संग छु। मुख्यमंत्रीले पूर्ण राजकीय सम्मानसंग उहाँलाई विदाई दिने घोषणा पनि गर्नुभयो। राज्यपाल ड़ा. सी.भी आनन्द बोसले पनि आफ्नो संवेदना प्रकट गर्नुहुँदै पूर्व मुख्यमंत्री भट्टाचार्यको निधनमा शोक व्यक्त गर्नुभयो र भन्नुभ्ज्ञयो म प्रार्थना गर्दछु परतात्माले दिवंगत नेताका परिवार र शुभचिन्तकहरूलाई यस अपूरणीय क्षति सहन गर्ने शक्ति प्रदान गरून् । उहाँले अझ भन्नुभयो – भट्टाचार्यको निधनले राज्यले एक प्रमुख नेता गुमाएको छ, जसको योगदान राज्यको राजनीतिमा अमूल्य थियो।

****** ० ******

**प्रधानमंत्री भट्टाचार्य शोक**

प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालका पूर्व मुख्यमन्त्री बुद्धदेव भट्टाचार्यको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ। एक सामाजिक पोस्ट मार्फत प्रधानमन्त्रीले भट्टाचार्यलाई ठूलो प्रतिबद्धताका साथ राज्यको सेवा गर्ने राजनीतिक अनुभवी व्यक्तिका रूपमा वर्णन गर्नूभएको छ । श्री भट्टाचार्यको ८० वर्षको उमेरमा दक्षिण कोलकातास्थित उनको निवासमा निधन भएको थियो।

****** ० ******

## डिमाईश

पूर्व मुख्यमंत्री बुद्धदेव भट्टाचार्यको निधनपछि राज्यकी वर्तमान मुख्यमंत्री ममता व्यानजीले पाम एवेन्यूस्थित उहाँको फ्ल्याट मा पुगी उहाँलाई अन्तिम श्रदाजंली अर्पण गर्नुभयो। उहाँ ८० वर्षको हुनुहुन्थ्यो। सुश्री यानर्जीले उहाँको निधनमा गहिरो दुःज्ख व्यक्त गर्नुभयो। उहाँले पूर्व मुख्यमंत्रीको अन्तिम यात्रामा हरसंभव सहयोगको पनि आश्वासन दिनुभयो। उहाँको पूत्र सुचेतन संगको बातचितमा सुश्री व्यानर्जीले आज सरकारी छुट्टीको घोषणा गरिएको साथै भेली राजकीय सम्मान सहित अन्तिम श्रदाजंली दिइने बताउनुभयो। राज्यका दुई मंत्री अरूप विश्वास र फिरहाद हकीम पनि अन्तिम श्रदाजंली दिन त्यहाँ पुगेका थिए। निधनको समााचार फैलिने वित्तिकै सीपीएम का राज्य सचिव मोहम्मद सलीम साथै पार्टीका कार्यकर्ता र समर्थकहरू पनि अन्तिम श्रदाजंली दिन पुगेका थिए। वामफ्रन्टका अध्यख विमान बसु , सुजन चक्रवती ,सूर्यकान्त मिश्रा , पनि पुगेका थिए साथै सिलीगुड़ीका पूर्व मेयर अशोक भट्टाचार्य पनि आजै पुग्ने कोशिश्यामा हुनुहुन्छ। पूर्व मुख्यमंत्री भट्टाचार्यको आँखाको दान प्रक्रिया पनि पूरा भईसकेको छ। भोली बिहान १०.३० बजे उहाँको पार्थिव शरीर सीपीएम को राज्य कार्यालय अलीमुद्धीनमा राखिनेछ जहाँ आम जनतालजे उहाँलाई अन्तम श्रदाजंली दिन सक्नेछन्। बेलुकी अन्तिम यात्रा पनि उहाँको शरीरलाई एनआरएस अस्पताललाई दान दिइनेछ।

****** ० ******

## वक्फ विधेयक

वक्फ संशोधन विधेयकए २०२४ लाई संयुक्त संसदीय समितिमा पठाइएको छ । अल्पसंख्यक मामिला मन्त्री किरेन रिजिजुले लोकसभामा विधेयक पेश गर्दै प्रस्तावित कानूनको थप परीक्षणका लागि सरकार तयार रहेको बताउनु भयो भने केन्द्र सरकारसँग यो विधेयकबारे लुकाउन केही नभएको उल्लेख गर्नुभयो । यसअघि रिजिजुले श्यो विधेयक धार्मिक निकायको कामकाजमा हस्तक्षेप गर्ने उद्देश्यले नल्याइएको तथा मुस्लिम समुदायका वंचित र विपन्न वर्गलाई न्याय दिलाउने उद्देश्य रहेको उनले बताउनु भयो साथमा यो विषय संविधानको समवर्ती सूचीमा पर्ने र केन्द्र यस विषयमा कानुन बनाउन सक्षम रहेको उल्लेख गर्नुभयो । उक्त बिललाई जनता दल तथा तेलेगु देशम पार्टीले समर्थन गरेका छन भने कांग्रेसए तृणमूल कांग्रेसए समाजवादी पार्टीए डीएमकेए राष्ट्रवादी कांग्रेस पार्टी (शरद पवार)ए लेफ्ट र अन्यले विधेयकको विरोध गर्दै यसलाई संविधान र धार्मिक स्वतन्त्रताको विरुद्ध मानेका छन्। कांग्रेस सांसद केसी वेणुगोपालले विधेयक कठोर र देशको संघीय संरचनामाथिको आक्रमण भएको आरोप लगाउनु भएको छ।

****** ० ******

## मुर्मु

राष्ट्रपति द्रौपदी मुर्मूले न्युजिल्यान्डको वेलिङ्टनस्थित सरकारी भवनमा गभर्नर जनरल डेम सिन्डी किरोले आयोजना गरेको रात्रिभोजमा सहभागी हुनुभएको छ । सो अवसरमा न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनए न्युजिल्यान्ड सरकारका वरिष्ठ मन्त्रीए राष्ट्रपति मुर्मूकी छोरी इतिश्री मुर्मुए भारत सरकारका राज्यमन्त्री जर्ज कुरियनए लोकसभा सदस्य जुगलकिशोर शर्मा र सौमित्र खान, भारतीय प्रतिनिधिमण्डलका सदस्य तथा न्युजिल्यान्डमा रहेका भारतीय समुदायका सदस्यको उपस्थिति थियो ।

****** ० ******

## मैत्री एक्सप्रेस सेवा रद्ध

बंगल देशमा हिंसात्मक यथावत छ। यसेको मध्यनजर भोली पनि मैत्री एक्सप्रेस ट्रेन सेवा रद्ध गरिएको छ। सूत्रहरूका अनुसार १३१०६ कोलकाता ढ़का मैत्री एक्सप्रेस कोलकाता ढ़का मैत्री एक्सप्रेस भोली चल्ने छैन रहनेछ। साथे १३१०७ ढ़का – कोलकाता मैत्री एक्सप्रेस पनि रद्ध गरिएको छ। पूर्वी रेलवेका एक अधिकारीले बंधन अनि मैत्री एक्सप्रेसलाई तीन हप्ताहको लागि रद्ध गरिएको कारण यात्रीहरूको संख्या धेरै कम भएको बताएका छन्। ज–जसले ६ अगस्तका लागि अगावै टिकट लिइसकेका छन् उनीहरूलाई शर्त अधीन पूरा पैसा फिर्ता गरिनेछ। ज्ञातव्य , बंगलादेशमा अशान्ति सिर्जना भएपछि मैत्री लगायत बन्धन एक्सप्रेस ट्रेन सेवाहरूलाई रद्ध गरिएको छ।यी ट्रेनहरूको मांग दुवै छिमेकी देशबीच र मुख्य रूपमा चिकित्सा , शिक्षा, पर्यटन एवं अन्य कारणहरूले अधिक रहेको छ। यस्तो स्थितिमा रेल सेवाहरू रद्ध गरिएकोले यात्रीहरू ससमस्यामा

परेका छन्। दुवै देशका सरकार नागरिकहरूको सुरक्षालाई लिएर सतर्क छ। स्थितिलाई ध्यानमा राख्दै बंगलादेश सरकारको अनुरोधमा मैत्री बन्धन सेवा रद्ध गरिएको छ।

****** ० ******

**बंगलादेश**

बंगलादेशमा हालको तनाव पूर्ण स्तिथि मध्ये लगभग २ हजार बंगलादेशी नागरिकहरु मुख्यत हिन्दुहरु भारत बंगला देश सिमानामा आएर बसेका छन् उनिहरुले भारत छिर्ने प्रयाश गर्दा सिमा सुरक्षा बलले रोकिदिएको छ ८ हिजो बुधबारको दिन लगभग २००० भन्दा बडी बग्लादेशी नागरिकहरु बंगलादेशको बिभिन्न ठाउँहरु चुराकाठी, बनापाडा, बोनोग्रामबाट भारतको सिमानाको जिरो पोइन्टमा आएर बसेका थिए भने बीएसएफ द्वारा उनिहरुलाई भारत प्रवेश गर्न दिएन ।बंगलादेशमा हिन्दू लगायत अल्पसंख्यकमाथि भएका आक्रमणका सम्बन्धमा विदेश मंत्रालयको प्रवक्ता रणधीर जायसवालले भन्नु भयो कि अल्पसंख्यकको सुरक्षाका लागि विभिन्न संघसंस्था र समूहले कदम चालेको खबर आएको छ । भारतले अल्पसंख्यकको अवस्था हेरिरहेको छ। भारतीय राजनयिक मिशनमा काम गर्ने अत्यावश्यक बाहेकका कर्मचारी र परिवारका सदस्य भारत आएको श्री जायसवालले बताउनु भएको छ । स्थिति छिट्टै सामान्य हुने आशा राखेका छौं भनि उहाँले थप बताउनु भएको छ ।

****** ० ******

**राष्ट्रिय राजमार्ग**

राष्ट्रिय राजमार्ग १० अन्तर्गत बिरिक डाँड़ाए २१ माइल नजिक भुइचालेमा पैह्रोले बाटो पूर्णरूपमा ध्वस्त बनाएपछि आवतजावत बन्द भएको छ। पैह्रोले सड़क सबै तानेपछि पैदल हिंड्न सक्ने बाटो समेत नरहेको बताइएको छ। यस ठाउँमा आवतजावत सुचारू गर्न भित्ता कटिङ गरेर सड़क निर्माण गर्नु पर्ने भएकोले यहाँ सड़क निर्माण गर्न निक्कै समय लाग्न सक्ने बताइएको छ।

****** ० ******

**नाटक प्रतियोगिता**

गोर्खा दुःख निवारक सम्मेलनले २०१९ साल देखि गर्दै आएको नाटक प्रतियोगितालाई यस बर्ष पनि निरन्तरता दिंदै आगामी सेप्टेम्बर महिना मा पाँचौ नाटक प्रतियोगिता सम्पन्न गर्ने भएको छ ८ जसको आवेदन पत्र बुझाउने मिति आगामी ३१ अगस्त रहेको छ जसलाई सम्मेलनको भवनमा नै दर्ता गर्न सक्ने छन ।नाटक प्रतियोगितामा सर्वश्रेस्ट नाटक लगायत सर्वश्रेस्ट अभिनेता,अभिनेत्री , नाटककार अनि सर्वाश्रेस्ट निर्देशकलाई पनि नगद राशी सहित पुरस्कार प्रदान गर्ने जानकारी आज नाटक समितिका अध्यक्ष पेम्बा बम्जनले दिनु भएको छ ८

****** ० ******

**मिरिक डन बस्क**

राज्य पुरस्कारका लागि छनौट भएका मिरिक डन बस्को स्कूलको स्काउट एण्ड गाइड्सका १२ जना विद्यार्थीहरूलाई आज स्कूलको प्रेक्षागृहमा एक कार्यक्रमबीच सम्मान जनाइयो। कार्यक्रममा विद्यार्थीहरूसँगै उनीहरूका माता पितालाई पनि सम्मान जनाइयो। जसमध्ये स्काउटबाट अन्स तामाङए अन्सु राईए रिगदेन लामाए प्रतिक छेत्रीए कुन्ज्यो तामाङ अनि अभिषेक तामाङ रहेका छन् भने गाईडसबाट आरूषी भुजेलए सृष्टि पुनए तान्वी खडकाए कृष्टि गुरूङए सुवानी राई अनि नयुमा राई रहेका छन्। उनीहरूलाई स्कूलका प्रधान अध्यापक फादर सलमोन राई ए सह प्रधान अध्यापक फादर पिटर लेप्चा अनि फादर जेकप टेटेले खदा पहिराएर सम्मान जनाइयो।

**७८औं स्वतन्त्रता**

७८औं स्वतन्त्रता दिवस आयोजक समिति कालेबुङद्वारा कालेबुङमा १२ अगस्टदेखि तीन दिवसीय रूपमा फुड फेस्टिवल आयोजना गरिने भएको छ। यसको निम्ति दोकान राख्न चाहनेहरुले ९ अगस्टसम्म फारम लिन सकिने संयोजक राम प्रशाद रोकाले

जानकारी गराउनु भएको छ। उक्त तीन दिन बेलुकी पाँच बजिदेखि ८ बजीसम्म  रोडमा विभिन्न सांस्कृतिक कार्यक्रम सहित फुड फेस्टिवल हुने वहाले जनाउनु भएको छ।

****** ० ******